



# प्रतिदिन

राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१४ ।। अङ्क : ३२२ ॥ २०७९ माघ ०४ गते बुधवार (18th Jan 2023 Wednesday) Pratidin National Daily dNo-?:%÷-

## माओवादी केन्द्रलाई झापामा राजनीति गर्न गाह्रो



झापा(प्रस) ।झापामा जनाधार घट्दै गएपछि नेकपा माओवादी केन्द्रले संगठन नवनिर्माण अभियान संचालन गर्ने भएको छ ।पार्टीका सबै उम्मेदवारले हार व्यहोरेको गत मंसिर ४ गतेको निर्वाचनको गंभीर समीक्षा गर्दै माओवादी केन्द्रले पार्टी सुदृढीकरणको अभियान संचालन गर्ने निर्णय गरेको हो । नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति झापाको मंगलवार बाहुण्डाँगीमा सम्पन्न तेस्रो विस्तारित बैठकले मंगलवारदेखि नै अभियान शुरु गर्ने निर्णय गरेको जिल्ला संयोजक राजु आचार्य (अग्नी)ले बताए । कार्यक्रमका प्रमुख अतिथि महासचिव देव गुरुङले अभियानको शुभारम्भ गरे । अभियानअन्तर्गत जनताको सरोकार र जनजीविकाका विषयहरु उठाउने , नमूना कृषि कार्यक्रम ल्याउने , रेल्वेप्रभावितलाई मुआब्जा दिलाउने , हात्तीपीडितको समस्या उठाउने , कृषकका आधारभूत आबश्यकतालाई पहिचान गर्न लगाई जोनहरु व्यवस्थित गर्ने ,भूमिहीन किसानलाई राहतको व्यवस्था गर्न लगाउनेजस्ता कार्य गरिने जिल्ला संयोजक आचार्यले बताए । त्यस अभियानका लागि प्रदेश , जिल्ला ,वडा र टोल कमिटी तथा जनवर्गीय कमिटीहरु खटिने उनले बताए । बैठकले गत मंसिर ४ गतेको निर्वाचनको समीक्षा गर्दै मुख्य ४ वटा कारणले गर्दा झापामा माओवादीले हार व्यहोर्नु परेको ठहर गरेको छ । आन्तरिक संगठन कमजोर हुनु , पार्टीले उपयुक्त उम्मेदवार छनोट गर्न नसक्नु , गठबन्धन दल नेपाली कांग्रेसले घात गर्नु र देशमा परिवर्तन ल्याउन माओवादीको हात रहेको कुरा जनतालाई बुझाउन नसक्नु रहेको आचार्यले जानकारी दिए ।

बैठकमा सहभागी नेताहरुले संगठनलाई थप सुदृढ बनाउन एकताका साथ अघि बढ्ने उद्घोष गरेका थिए । माओवादी केन्द्रका महासचिव देव गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकमा उनले पार्टीप्रति जनताको उत्साह र चाहना बढेकाले त्यही अनुसारको काम गर्नुपनमा जोड दिए ।

माओवादी केन्द्र जिल्ला समन्वय समिति झापाका संयोजक आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सचिव राम कार्की, केन्द्रीय सदस्य झलकसिंह दर्लामीलगायतले विचार राखेका थिए ।गत स्थानीय चुनावमा निर्वाचित भएका पार्टीका जनप्रतिनिधिलाई सम्मान गरिएको बैठकमा १५ वटै पालिकाका अध्यक्षहरुले सांगठानिक प्रतिवेदन प्रस्तुत गरेका थिए । अध्यक्षहरुले प्रस्तुत गरेको प्रतिवेदनमा जनतासँग प्रत्यक्ष जोडिएका पालिकाका समस्या र सरोकारका विषयहरु उठान गरिएको माओवादी केन्द्र मेचीनगर अध्यक्ष राजन चिमरियाले बताए ।

कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा प्रदेश नं १ कमिटीका सहायक इन्चार्ज साबित्रीकुमार काफ्ले 'समर', केन्द्रीय सदस्य लक्ष्मी न्यौपाने, केन्द्रीय सदस्य रन्जित तामाङ, प्रदेश अध्यक्ष हर्क नेम्बाङ 'मिक्सो', उपाध्यक्ष विजय साम्पाङ, नेता हरिकुमार राना, प्रदेश सचिवालय सदस्य सिपी कडरिया, बोधराज दाहाल, पुरुषोत्तम चुडाल, केन्द्रीय अनुशासन आयोगका पूर्णसिंह राजवंशी, बन्दना झाँगड 'अनिशा' लगायतको आतिथ्यता रहेको थियो ।

माओवादी केन्द्रका जिल्ला सचिव मोहन टुडुले सञ्चालन गरेको कार्यक्रममा मेचीनगर अध्यक्ष राजन चिमरियाले स्वागत गरेका थिए । बैठकमा पार्टीका जिल्ला कमिटी सदस्य तथा जनवर्गीय संगठनका संयोजकसहित करिब ५ सय जना सहभागी थिए ।

## सभामुखमा देवराज घिमिरेको चर्चा



झापा(प्रस) । प्रतिनिधिसभाका सभामुखमा झापा २ बाट निर्वाचित देवराज घिमिरेको नाम चर्चामा आएको छ । ०५६ मा राष्ट्रिय सभा सदस्य भइसकेका घिमिरेको नाम सभामुखको उम्मेदवारको रुपमा चर्चामा आएको हो । सभामुखको निर्वाचन बिहीबार हुँदैछ । सभामुख पदको निर्वाचनका लागि संघीय संसद् सचिवालयले मंगलबार कार्यतालिका सार्वजनिक गरेको छ ।

सचिवालयले जारी गरेको कार्यतालिका अनुसार बुधबार सभामुख पदका लागि उम्मेदवारी दर्ता गराउनु पर्ने हुन्छ । सत्ता गठबन्धन दलहरूबीच भएको सहमति अनुसार सभामुख पद एमालेको भागमा परेको भनिए पनि कसलाई बनाउने भनेर निर्णय भइसकेको छैन ।

सत्ता गठबन्धनमा एमालेले सभामुख र राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभामुख पाउने सहमति भएको छ । सभामुखमा एमालेका पृथ्वी सुब्बा गुरुङ, रघुजी पन्त, छविलाल विश्वकर्मा, विद्या भट्टराईको नाम बाहिर आएको छ । एमाले संसदीय दलले घिमिरेलाई बुधबार नागरिकता र दुई वटा फोटो लिएर आउन आग्रह गरेसँगै उनको नाम पक्का भएको हुन सक्ने आकलन गरिएको हो । 'भोली नागरिकता र फोटो मागेको छ । केही जिम्मेवारी पाउने होकी जस्तो लागेको छ,'उनले भने । आफूले सभामुखको जिम्मेवारी पाए निष्पक्ष ढंगले निर्वाह गर्ने उनले बताए । 'मसँग राष्ट्रिय सभाको सदस्य भएको संसदीय अनुभव छ,'उनले भने,'यदि जिम्मेवारी पाएको अवस्थामा निर्वाह गर्न सक्छु ।' बिर्तामोड नगरपालिका वडा नं ४ का उनी २८ हजार ७ सय १६ मत ल्याउँदै झापा २ बाट निर्वाचित भएका हुन् । उनले स्वतन्त्र उम्मेदवार भद्रप्रसाद नेपाललाई २ हजार २ सय ६१ मतले पराजित गरे थिए । ०१३ जेठ १३ मा ताप्लेजुङ सिकैचा ३ मा जन्मिएका घिमिरेले स्नातक अध्ययन गरेका छन् ।

०३१ मा झापा विद्रोहपछि राजनीतिक यात्रा सुरु गरेका उनी सुखानी सहिद स्मृति प्रतिष्ठानका अध्यक्ष समेत हुन् । एमालेका स्थायी कमिटी सदस्य रहेका उनी ०५६ मा राष्ट्रिय सभा सदस्य भएका थिए । ०७५ मा नेकपाको प्रदेश १ को अध्यक्ष, ०७८ मा भएको एमालेको दशौं राष्ट्रिय महाधिवेशनबाट उनी स्थायी कमिटी सदस्य भएका थिए । उनी अहिले पनि एमाले प्रदेश १ का इन्चार्ज हुन् ।

## भारी मात्रामा ब्राउनसुगरसहित दुई पक्राउ

झापा(प्रस) । भारी मात्रामा प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित झापामा दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा मेचीनगर नगरपालिका वडा नं. १५ बस्ने २१ वर्षिय सन्देश राई र भद्रपुर नगरपालिका वडा नं. ९ बस्ने २९ वर्षिय देवराज दंगाल रहेका छन् ।



मंगलवार दिउँसो ३ बजे भद्रपुर नगरपालिका वडा नं. ९ मा लागूऔषध नियन्त्रण व्यूरो काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले राई र दंगाललाई शंका लागेर चेकजाँच गर्दा उनीहरुको साथबाट प्लाष्टिक सहित ५० ग्राम ब्राउनसुगर फेला परेको थियो ।

दुवै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय झापामा राखी थप अनुसन्धान भईरहेको सूचना अधिकारी डीएसपी बसन्त पाठकले बताए ।

## झापा गाउँपालिकाका विद्यार्थीलाई साईकल

कुमरखोद(प्रस) । झापा गाउँपालिकाले आफ्नो पालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई साईकल वितरण गरेको छ ।



पालिकाले आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई साईकल वितरण गरेको हो । झापा गाउँपालिकाको शिक्षा शाखाले मंगलवार एक कार्यक्रमका बीच ५ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई साईकल वितरण गरेको हो । साईकल वितरण गरिएका विद्यार्थीहरुमा डिल्लीराज माविका १७० जना , कुवाडीदेवी माविका ५८ जना , महेन्द्र माविका ३३ जना , जनता माविका १११ र जनकल्याण माविका ४२ गरी ४१४ जना रहेका छन् । ४३ जना विद्यार्थीहरु भने अनुपस्थित रहेका थिए । पालिकाभरि सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत कुल विद्यार्थीको संख्या ४५७ रहेको छ । त्यसमध्ये छात्रा १९५ र छात्र २६२ जना रहेका छन् । झापा गाउँपालिकामा सामुदायिकतर्फ मावि ५ , निमावि ५ र प्रावि ११ गरी कुल २१ वटा विद्यालयहरु रहेका छन् ।

झापा गाउँपालिकाले शिक्षामा धैरै नै लगानी गरेको देखिन्छ । पालिकाले प्राविधिक शिक्षा लागु गरेको छ भने एसईईमा उत्कृष्ट सन्थाल र मुस्लिम समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको छ । त्यस्तै कक्षा ११ र १२ का विद्यार्थीलाई निःशुल्क अध्यापनको व्यवस्था गरिएको छ । झापा गाउँपालिकाले अघिल्लो वर्ष छात्रालाई मात्र साईकल वितरण गरेको थियो । यस वर्ष भने छात्रलाई पनि दिइएको छ । पालिकाले विपन्न परिवारका विद्यार्थीलाई लक्षित गरी ल्याएको यो कार्यक्रमले विद्यार्थीलाई आवतजावतमा सुविधा पुग्नुका साथै विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि हुने अध्यक्ष जयनारायण शाहले विश्वास व्यक्त गरे ।

डिल्लीराज माविका प्रधानाध्यापक विरेन्द्रप्रसाद गुप्ताले स्वागत मन्तव्य राखेको कार्यक्रममा उपाध्यक्ष अन्जुदेवी थपलिया , वडा अध्यक्ष सखिचन्द्र ठाकुर , झापा गापा शिक्षक महासंघका अध्यक्ष जगन्नाथ राजवंशी , जनता मावि व्यवस्थापन समितिका अध्यक्ष हेमबहादुर कार्की , विद्यार्थी सल्मा खातुन र कन्चन राजवंशीले मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालले गरेका थिए ।

## नवनियुक्त मन्त्री र राज्यमन्त्रीले लिए शपथ

झापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहालले मन्त्रिपरिषद् विस्तार गरेका छन् ।

दाहालको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रीहरूको नियुक्तिपछि शपथ ग्रहण गराएकी छिन् ।

मंगलबार उपप्रधानमन्त्री तथा ऊर्जामन्त्री राजेन्द्र लिङ्देनसहित १२ मन्त्री र २ र ाज्यमन्त्रीले शपथ ग्रहण गरेका छन् ।

उपप्रधानमन्त्री र मन्त्रीहरूको शपथ र ाष्ट्रपति भण्डारीले गराएकी हुन् भने र ाज्यमन्त्रीहरूको शपथ प्रधानमन्त्री दाहालले गराएका हुन् ।



एमालेले ८, माओवादी केन्द्रले प्रधानमन्त्रीसहित ५ मन्त्री, रास्वपा र र ाप्रपाले ३-३ मन्त्रालय र जनमतले एउटा मन्त्रालय लिएको छ । माओवादी, रास्वपा र राप्रपाले १-१ राज्यमन्त्री पाएका छन् । मंगलबार राप्रपाबाट ध्रुवबहादुर प्रधान कानुनमन्त्री र विक्रम पाण्डेले सहरी विकासमन्त्री र दीपकबहादुर सिंहले ऊर्जा राज्यमन्त्रीको रूपमा शपथ लिएका छन् ।

त्यस्तै एमालेबाट विमला राई पौड्यालले परराष्ट्र, पदम गिरीले स्वास्थ्य, भगवती चौधरीले महिला बालबालिकामन्त्री तथा हरि उप्रेतीले रक्षामन्त्रीको रूपमा शपथ लिएका छन् ।

त्यस्तै माओवादीबाट रेखा शर्माले सूचना, सञ्चार तथा प्रविधि, सुदन किर ातीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री र अमनलाल मोदीले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीको रूपमा शपथ लिएका छन् । माओवादीबाट मन्त्री बनेकी सुशीला श्रीपाली भने शपथ ग्रहण कार्यक्रममा उपस्थित भएकी थिइनन् । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनालले शिक्षामन्त्री, डोलप्रसाद अर्यालले श्रम तथा सामाजिक सुरक्षामन्त्री तथा डा. तोसिमा कार्कीले स्वास्थ्य राज्यमन्त्रीको रूपमा शपथ लिएका छन् ।



# बिर्तामोडमा अन्तर्राष्ट्रिय महोत्सव फागुन ५ देखि

बिर्तामोड(प्रस) । बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव फागुन ५ गतेदेखि शुरु हुने भएको छ । पत्रकार सम्मेलनको आयोजना गरि बिर्तामोड उद्योग वाणिज्य संघले महोत्सवका बारेमा जानकारी दिएको हो । बिर्तामोड २ रामचोकको उत्तरपट्टी पाँच विगाह क्षेत्रफलमा फागुन ५ देखि १५ गतेसम्म महोत्सव संचालन हुने महोत्सवका संयोजक बिर्तामोड उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष राजु न्यौपानेले जानकारी दिए ।

कोरोना संक्रमणबाट थलिएको ब्यावसायिक क्षेत्रलाई चलायमान बनाउँदै ब्यापारीहरुको मनोबल उच्च बनाउन महोत्सव आयोजना गरिएको न्यौपानेले बताए । उनका अनुसार दोस्रो र तेस्रो मुलुकसँगको निर्यात ब्यापारलाई बढावा दिने, आन्तरिक व्यापारलाई चलायमान गराउने, आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने, सांस्कृतिक र ऐतिहासिक महत्वका स्थलहरुको प्रचारप्रसार गर्ने महोत्सवको उद्देश्य रहेको छ । महोत्सवमा बंगलादेश, पाकिस्तान र भारतीय उद्योगी ब्यवसायीहरुको समेत सहभागिता रहने कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमियाले जानकारी दिए । १६ हजार १५० वर्गमिटर क्षेत्रफलमा आयोजना हुने महोत्सवमा २५० स्टलहरु रहने छन ।

महोत्सवमा करिब ३ लाख दर्शकले अवलोकन गर्ने र ४५ करोडको कारोबार हुने आयोजकको अनुमान छ ।

महोत्सवको स्टलहरु आधुनिक हुने, लेमिनेटेड पार्टिसन हुने र अक्टोनर्म र डोम डिजाइनको स्टल रहने महोत्सवका ब्यवस्थापक ललित सिंखडाले जानकारी दिए । प्रदर्शनी तथा बिक्री कक्ष, सांस्कृतिक तथा सांगीतिक क्षेत्र, बालउद्यान तथा मनोरञ्जन क्षेत्र र खानपान क्षेत्र गरी महोत्सव स्थललाई चार भागमा विभाजन गरिएको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले जानकारी दिए । मूल प्रवेशद्वारमा मुक्तिचोकको आकृति राखिने, सेल्फी जोन निर्माण गरिने उनले बताए । महोत्सवमा अटोमोबाइल्स, बैंक तथा वित्तीय संस्था, मोबाइल, इलेक्ट्रोनिक्स तथा आइटी, निर्माण सामग्री, औद्योगिक उपकरण, कृषि तथा जडिबुटी, पर्यटन, दैनिक उपभोग्य वस्तुहरु, जुत्ताचप्पल, हस्तकला तथा तयारी पोशाक आदि राखिने अध्यक्ष शिवाकोटीले जानकारी दिए ।

बिर्तामोड उद्योग वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघ र प्रदेश १ सँगको सहकार्यमा महोत्सव आयोजना गर्न लागेको हो । संघले यसअघि २०७५ साल माघ ११ देखि २३ गतेसम्म बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव आयोजना गरेको थियो ।

# कनकाई भलिबल कपमा दमकको विजय सुरुवात



कनकाई(प्रस) ।झापाको सुरुङ्गामा प्रदेश नं.१ स्तरीय अन्तरपालिका पुरुष भलिबल प्रतियोगिताको उद्घाटन खेलमा दमक नगरपालिका विजयी बनेको छ।सुरुङ्गा जेसीजले कनकाई भलिबल कपको तेस्रो संस्करणको रुपमा संचालन गरेको प्रतियोगिताको उद्घाटन खेल दमक र भद्रपुर नगरपालिकाबीच भएको थियो । खेलमा दमकले २५-१५, २७-२५ र २८-२६ को सोझो सेटमै भद्रपुरलाई हराउँदै जीत हासिल गरेको हो । दमकका रोमन बस्नेत खेलको म्यान अफ द म्याच घोषित भए ।दमक गत वर्षको उपाधि विजेता हो । नकआउटका आधारमा खेलाइने प्रतियोगितामा प्रथम हुने टिमले १ लाख १ हजार १११ , द्वितीय हुने टिमले ६१ हजार १११ र तृतीय हुने टिमले २५ हजार नगद पुरस्कार, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै बेष्ट स्पाइकर , बेष्ट ब्लकर , बेष्ट डिफेन्स र बेष्ट क्वीकरलाई ५ हजार १ सय नगद पुरस्कार र ट्रफीको व्यवस्था गरिएको छ । त्यस्तै म्यान अफ द सिरिजलाई २४ इन्चको रंगीन टि.भी पुरस्कारस्वरुप वितरण गरिने सुरुङ्गा जेसीज वर्ष २०२२ का महासचिव राजु पाठकले जानकारी दिए । माघ ३ गते सुरु भई ७ गते समापन हुने प्रतियोगितामा कनकाई नगर खेलकुद विकास समिति सह-आयोजक रहेको छ । प्रतियोगितामा झापासहित मोरङ र इलाम गरी तीन जिल्लाका ८ टीमले भाग लिएका छन् । सुरुङ्गा जेसीज वर्ष २०२२ की अध्यक्ष सुष्मा न्यौपाने उप्रेतीको सभापतित्व एवं कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्य रहेको उद्घाटन समारोहमा कनकाई नगरपालिकाकी उपप्रमुख आशा शिवाकोटी, कनकाई ३ का वडाध्यक्ष युवराज चम्लागाईं, नेपाली कांग्रेसका नगर सभापति दुर्गा प्रसाईं, रोटरी क्लव अफ सुरुङ्गाका अध्यक्ष खेम प्रसाईंलगायतले प्रतियोगिताको सफलताको कामना गरेका थिए ।

बुधबार बेलबारी र झापा गाउँपालिकाबीच खेल हुने आयोजक समितिका खेल संयोजक प्रतापबाबु जमरकट्टेलले बताए ।

# तनहुँ जिल्ला अदालतबाट पल शाहले पाए सफाइ



झापा(प्रस) ।नाबालिगलाई जबर्जस्ती करणीको अभियोगमा तनहुँ कारागार दमौलीमा थुनामा रहेका अभिनेता पल (पूर्णविक्रम) शाहलाई जिल्ला अदालत तनहुँले सफाइ दिएको छ ।

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यको इजलासमा मंगलबार भएको बहसपछि शाहलाई अदालतले सफाइ दिएको अदालतका श्रेस्तेदार मीनबहादुर कुँवरले बताए ।उनका अनुसार शाहविरुद्धको सुनुवाइमा अभियोग दाबी नपुगेकोले अदालतले फैसला सुनाएको हो । फैसलाउपर चित्त नबुझे पीडित पक्षलाई पुनरावेदन जाने छुट रहेको उनले बताए ।

शाहविरुद्धको मुद्दाको अन्तिम सुनुवाइमा वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, परशुराम गिरी, कृष्णबहादुर थापा र अधिवक्ता भानुभक्त सुवेदीले बहस गरेका थिए । सोही प्रकृतिको मुद्दा नवलपुरमा दर्ता भएकोमा नवलपुर अदालतले शाहविरुद्ध गत भदौ २१ गते २ वर्ष ६ महिना कैद फैसला सुनाएको थियो । सोही फैसला अनुसार शाह तनहुँ कारागारमै रहने श्रेस्तेदार कुँवरले बताए ।

नाबालिगमाथि जबर्जस्ती करणी गरेको भन्दै शाहविरुद्ध गत फागुन ११ गते तनहुँ प्रहरी कार्यालयमा उजुरी परेको थियो । शाह फागुन १५ गते प्रहरी कार्यालयमा आफैं सम्पर्कमा पुगेका थिए । शाहलाई जिल्ला अदालत तनहुँले गत चैत १० गते पुर्पक्षका लागि कारागार चलान गरेको थियो ।

# बैंकिङ कसुर मुद्धामा फरार सुवेदी पक्राउ



झापा(प्रस) । बैंकिङ कसुर मुद्धामा फरार एक प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेमा कनकाई नगरपालिका वडा नं ४ बस्ने २८ वर्षिय शिवु सुवेदी रहेका छन् । उच्च अदालत बिराटनगर इलाम इजलास, इलामको २०७९ असार ८ गतेको फैसला अनुसार बैंकिङ कसुर मुद्धामा उनलाई एक दिन कैद, १ लाख ५ हजार रुपैयाँ जरिवाना र पीडित राहत कोषमा ४ हजार २०० रुपैयाँ जम्मा गर्नु पर्ने सुनाइएको थियो । फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले मंगलवार पक्राउ गरेको हो ।

झापा जिल्ला अदालत चन्द्रगढीमा उपस्थित गराई अदालतको आदेशले कैद भुक्तानको लागि कारागार पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# नागरिक आरोग्य कार्यक्रमको अभिमुखीकरण

भद्रपुर(प्रस) । प्रदेश १ स्वास्थ्य मन्त्रालयको आयोजनामा एकदिने नागरिक आरोग्य कार्यक्रमसम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीका प्रमुख डा. अनिल यादवको अध्यक्षता तथा मेची अस्पताल भद्रपुरका मेडिकल सुपरिटेन्डेन्ट डा. टंकप्रसाद बाह्रकोटीको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा नसर्ने रोगको बढ्दो प्रकोप रोक्न योग तथा ध्यानको महत्व र आवश्यकतासम्बन्धी सचेतना गराइएको थियो ।

कार्यक्रममा आयुर्वेद केन्द्रका डा. अनिल यादव र मेची अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट बाह्रकोटीले नसर्ने रोगबाट बच्न सकिने उपायका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । स्वास्थ्य स्वयम्‌सेविका सीता आचार्य, प्रेस क्लब भद्रपुरका अध्यक्ष राजबाबु शंकरलगायतले धारणा राखेका थिए ।

# शिक्षिका सापकोटाको निधन



झापा(प्रस) ।लक्ष्मी नारायण माध्यमिक विद्यालय शिवसताक्षीमा कार्यरत शिक्षिका जीवनकुमारी सापकोटाको मंगलवार बिहान निधन भएको छ । ५६ वर्षको उमेरमा बिहान ५:३० बजे लिभर क्यान्सरबाट उनको घरैमा निधन भएको हो । स्थायी घर दमक भई साविक उच्च मा वि दरबन्दीमा नेपाली विषयकी शिक्षक केही समयअघि मेदान्त अस्पतालमा उपचार गरी घर ल्याईएको थियो ।

# मधेसी समाजद्वारा खिचडी वितरण




बिर्तामोड(प्रस) । नेपाल मधेसी समाज सेवा समितिले मकर संक्रान्तिका अवसरमा आइतवार खिचडी प्रसाद वितरण गरेको छ ।

बिर्तामोड -३ बिर्ताबजारस्थित दुर्गा मन्दिरअगाडि समितिले खिचडी प्रसाद वितरण गरेको हो । समितिका अध्यक्ष रामेश्वर मण्डलको अध्यक्षता तथा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको विशिष्ट अतिथिमा बिर्तामोड-३ का निवर्तमान वडाध्यक्ष भोजराज सिटौला रहेका थिए । कार्यक्रममा बिर्तामोड- ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, बिर्तामोड नगरपालिकाका अधिकृत मेघराज बास्तोला , नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोडका निवर्तमान सभापति सजेश शिवाकोटीलगायतको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन आयोजक समितिकी प्रवक्ता निशा कर्ण मण्डलले गरेकी थिइन् ।

यसअघि हिजो मात्र मधेसी समाज सेवा समितिले कपडा बैंक सम्पन्न गरेको थियो । १५ दिनसम्म बिर्ताबजारमै कपडा बैंक संचालन गरिएको समितिका अध्यक्ष मण्डलले बताए । समितिले विभिन्न सामाजिक कार्यहरु गर्दै आएको उनले जानकारी दिए ।

हार्दिक बधाई
तथा शुभकामना



मैनाचुली ह्यूमपाईप उद्योगका
प्रवन्ध निर्देशक हाम्रा आदरणीय
दाई गोपालबहादुर थापा नेपाल
क्षयरोग निवारण संस्था झापा
शाखाको २१ औं जिल्ला सभाबाट
आठौं कार्यकालका लागि
सभापति जस्तो गरिमामय पदमा
पुन: निर्वाचित हुनुभएकोमा बधाई
दिँदै उहाँलगायत सम्पूर्ण
निर्वाचित टिमलाई सफल
कार्यकालको लागि हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।

टेकबहादुर खड्का (काजी)
वडाध्यक्ष
भद्रपुर नगरपालिका-१० नं वडा कार्यालय परिवार , झापा

हार्दिक बधाई
तथा शुभकामना



मैनाचुली ह्यूमपाईप उद्योगका
प्रवन्ध निर्देशक हाम्रा आदरणीय
दाई गोपालबहादुर थापा नेपाल
क्षयरोग निवारण संस्था झापा
शाखाको २१ औं जिल्ला सभाबाट
आठौं कार्यकालका लागि
सभापति जस्तो गरिमामय पदमा
पुन: निर्वाचित हुनुभएकोमा बधाई
दिँदै उहाँलगायत सम्पूर्ण
निर्वाचित टिमलाई सफल
कार्यकालको लागि हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।

मनोज सुब्बा (गौरब)
वडाध्यक्ष
भद्रपुर नगरपालिका -८ नं वडा कार्यालय परिवार , झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

गुगल रेष्टुरेन्ट एण्ड बार
शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।
स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi

## बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

### इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनीक सूचना

यस बिर्तामोड नगरपालिका अर्न्तगतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केवल तथा टि.भि केवलले जथाभावि रुपमा केवल तारहरु झुन्ड्याई नगरको सौंदर्यतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न गराउनु हुन भनि यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखि पठाइएकोमा हाल सम्म पनि उक्त कार्य नभएको पाईएकोले आजका मितिले ३५ दिन भित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराईन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाईएमा नगरपालिकाले कानून बमोजिम कार्वाहि गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न:-

१. आफ्नो केवलको पहिचान हुने गरि लेवल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेसन नभएका केवलहरुले रजिष्ट्रेसन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्बन्धित पक्षसँग सम्झौता गरि पेश गर्ने ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सँधैको जाडो

तराई–मधेसका विपन्न बासिन्दाका लागि जाडो मौसम कहिल्यै नआओस् जस्तो हुन्छ। जसै पुस, माघ लाग्छ, शीतलहर चल्छ र जिउ कठ्यांग्रिन्छ। तर जिउ तताउने, न्यायो बनाउने कुनै उपाय हुँदैन। होस् पनि कसरी ? तराई–मधेसका थुप्रै विपन्न बस्ती आज पनि निरपेक्ष गरिबीको रेखामुनि छन्।
त्यहाँका बासिन्दासँग जिउ ढाक्ने न्यायो लुगाफाटो किन्ने सामर्थ्य पनि छैन। यस्तो अवस्थाका उनीहरूसँग न्यायो घरओतको कुरै भएन। धुर तापेर जाडो भगाउने असफल प्रयास गर्छन्। कतिसम्म भने पशु चौपायाझैं पराल ओढेर न्यायो गर्नुपर्ने हालत पनि त्यहाँ छ। यो उनीहरूको कष्टकर जिन्दगी आज पनि नेपाल राज्यका लागि खबर भएको छैन, होइन भने आफ्ना नागरिकको त्यो हाल किन उस्तै भइरहन दिएको ?

विपन्न बस्तीमा बालेर आगो ताप्ने दाउरा पनि हुँदैन। चमार, डोम र मुसहर बस्तीले सधैं जाडो र शीतलहरको कहर व्यहोर्छ। परालको बिच्छ्यौना र परालकै सिरक बनाएर जाडो छल्नुपर्ने परिवार यी समुदायमा थुप्रै छन्। सहरतिरबाट कम्बल बाँडेको खबर पनि बस्तीसम्म पुग्छ, तर सिरक र कम्बल भने बस्तीमा पुग्दैन। यी समुदायका ज्येष्ठ नागरिक, बालबालिका, सुत्केरी र बिरामी तथा अशक्तहरूले ज्यान गुमाउने मौसम नै हिउँद याम हो। चिसोले बर्सेनि धेरैको ज्यान लिन्छ। गएको चुनावताका चमार, डोम र मुसहर समुदायमा पनि नेताहरू पुगेका थिए, त्यतिबेला राहतका कुरा यो समुदायले सुनेको थियो। तर जो जसले चुनाव जितेर गए, फर्केर बस्ती पुगेका छैनन्, सिरक, ढसना र न्यायो लुगाफाटो त परै उनीहरूकै नाकमुख देखिएको छैन।

मधेस प्रदेश सरकारले पनि शीतलहरबाट विपन्न वर्गलाई जोगाउने बजेट पनि छुट्याएको शीतलहर प्रभावित बस्तीले सुन्छ, तर त्यो राहत कस्तो हुन्छ उनीहरू थाहा पाउँदैनन्। विपद् न्यूनीकरणका लागि पालिकाहरूका लागि पनि बजेट हुन्छ, तर लक्षित वर्गको हालत उस्तै नै छ। नियम छन्, कानुन छन्, धेरै थोर बजेट पनि छ तर डोम, मुसहर र चमारहरूका लागि जाडो उस्तै छ। खासमा सरकारले राहतका मौसमी योजना र कार्यक्रमभन्दा पनि चरम गरिबीको रेखामुनिका समुदायको जीवनस्तर उकास्ने ठोस नीति, योजना र कार्यक्रम ल्याएर कार्यान्वयन नगरेसम्म उनीहरूको जीवनमा जाडो सँधैं रहन्छ ।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बढ्दो आर्थिक असमानता



• नन्दलाल खरेल

विश्व अर्थतन्त्र आर्थिक असमानताका कारण दिन प्रतिदिन सङ्कटग्रस्त बन्दै गएको छ । आर्थिक असमानताको तुवाँलोभित्र पुँजीवाद मडारिइरहेको छ । प्रकृतिले विश्वका मानव जातिका लागि जल , जङ्गल , जमिन पूर्ण रूपमा निःशुल्क उपहार प्रदान गरेको थियो तर आज निश्चित मानिसले आफ्नो कब्जामा लिई त्यसको भरपूर उपयोग गरेका छन् । आज राष्ट्र-राष्ट्रबीच मात्र होइन, एउटै देशका नागरिकबीच पनि असमानताको खाडल चरम उत्कर्षमा छ । यसो हुनुको प्रमुख कारण धनी मानिस नै राज्यको सत्ता सञ्चालन तहमा पुग्नु र यिनीहरूले मुलुकको स्रोतसाधन विनियोजन र उपयोगसम्बन्धी नीति निर्माण आफ्नो हित अनुकूल हुने गरी लागू गर्नु देखिन्छ । आर्थिक असमानताको आँखीझ्यालबाट हेर्दा पुँजीवादी व्यवस्थामा थुप्रै सङ्कट देखा परेका छन् ; जसमा गरिबी, युद्ध, बढ्दो मूल्यवृद्धि, भोकमरी उत्कर्ष रूपमा छ । कोरोना महामारीपछि विश्व आर्थिक असमानताको डरलाग्दो खाडलतिर अगाडि बढिरहेको छ । शक्तिसम्पन्न अमेरिकादेखि नेपालजस्तै कैयौं राष्ट्र आर्थिक विषमताको बढ्दो खाडलले पिरोलिइरहेका छन्। विश्वका धनाढ्य झन् धनी बनेका छन् भने विपन्न झन् झन् गरिबीमा धकेलिएका छन्। कोरोना महामारीको समयमा सबैभन्दा बढी खाद्य , ऊर्जा तथा फर्मास्युटिकल (औषधि) क्षेत्रले मुनाफा कमाएका छन् । खाद्य तथा कृषि क्षेत्रका अर्बपतिले महामारीका यी दुई वर्षमा सम्पत्तिमा तीन खर्ब ८२ अर्ब डलर अर्थात् ४५ प्रतिशतको वृद्धि गरेको देखिएको छ ।

पुँजीवादी अर्थव्यवस्थाको आधारभूत उद्देश्य मुनाफा कमाउनु हो। यस व्यवस्थामा समाजमा व्यक्तिको हैसियत उसको सम्पत्तिका आधारमा निर्धारण हुन्छ । पुँजीवादी अर्थ व्यवस्थामा आर्थिक सामग्रीको उत्पादन र विवरणमा राज्यले खासै हस्तक्षेप गर्दैन । युद्ध , महामारी , भूकम्प तथा अन्य विपत्तिमा यस अर्थव्यवस्थामा धनाढ्य, ठूला उद्योगी, व्यवसायीले अतिरिक्त मुनाफा आर्जन गर्न हरेक वस्तु तथा सेवाको मूल्य वृद्धि गर्छन् । फोर्ब्सको रियल टाइम इन्डेक्सका अनुसार बर्नार्ड अर्नाल्ट संसारको सबैभन्दा धनी बनेका छन्। उनको कुल सम्पत्ति १८६.३ बिलियन डलर रहेको छ। धनाढ्यको सूचीमा एलन मस्क दोस्रो स्थानमा छन् । ट्वि्टरका नयाँ मालिक एलोन मस्कको कुल सम्पत्ति १८५.४ बिलियन डलर छ । हिजो उनी संसारकै सबैभन्दा धनाढ्य व्यक्तिका रूपमा थिए भने उनको धनाढ्यको ताज बर्नार्ड अर्नाल्टले खोसेका छन् । अर्नाल्ट लक्जरी ब्रान्ड लुइस मिटनको मूल कम्पनी एलभीएमएचका मालिक हुन् । उनको यो बहुराष्ट्रिय निगम एलभीएमएचले अत्यधिक महँगो लक्जरी फेसन तथा कस्मेटिक उत्पादन गर्छ । त्यसबाहेक क्रिस्टियन डाचर, मार्क ज्याकोब्स र सेफोरामा पनि यसैको स्वामित्व छ। एलभीएमएचका स्वामित्व रहेका ७० कम्पनीमा ३० लाख डलर पर्ने डुङ्गा निर्माण गर्ने बेलायती कम्पनी र सेतो सुनले बेरिएको हजार डलरको स्याम्पियन उत्पादक पनि पर्छन् । एलन मस्क दोस्रो स्थानमा झर्नुमा इलेक्ट्रिक कार कम्पनी टेस्लामा भएको सेयरको मूल्यमा तीव्र गिरावट आएपछि उनी दोस्रो स्थानमा गए । एलन मस्क सेप्टेम्बर २०२१ देखि धनाढ्यको सूचीमा पहिलो थिए। उनी दोस्रो स्थानमा झरेको यो पहिलो पटक हो ।

भारत अहिले विश्वको पाँचौं ठूलो अर्थतन्त्र भएको मुलुक हो। यद्यपि भारतमा आर्थिक असमानता तीव्र गतिमा बढ्दो छ। आज पनि ३० करोडभन्दा बढी मानिस गरिबीको रेखामुनि रहेका छन्। भारतमा दुई जना व्यक्ति धनाढ्यको सूचीमा आएका छन्। भारतका गौतम अडानी धनीको वरीयतामा तेस्रो स्थानमा छन्। उनको कुल सम्पत्ति १३४.८ बिलियन डलर छ। त्यस्तै गरेर भातरको रिलायन्स इन्डस्ट्रिजका अध्यक्ष मुकेश अम्बानी विश्वका धनी अर्बपतिको सूचीमा आठौं स्थानमा छन्। अम्बानीको कुल सम्पत्ति ९३.३ बिलियन डलर छ। कोभिड महामारीको समयमा विश्वका धनाढ्यले सम्पत्ति आर्जन गर्न सफल भएका थिए। विश्व बैङ्कको तथ्याङ्कअनुसार कोभिडको समयमा अर्नाल्ट विश्वका दस धनी व्यक्तिमध्ये एक थिए। त्यो अवधिका उनका निगमको सात खर्ब डलरको सम्पत्ति १५ खर्ब बराबर बनाएका थिए। अर्थात् हरेक सेकेन्डमा १५ हजार डलर वा हरेक दिनमा एक अर्ब ३० करोड डलर बराबर सम्पत्ति आर्जेका थिए। विस्तृत रूपमा हेर्ने हो भने १० लाख डलरभन्दा बढी सम्पत्ति भएका १ प्रतिशत मानिसका हातमा विश्वका लगभग आधा जनसंख्या (४५ दशमलव आठ प्रतिशत) बराबरको सम्पत्ति छ। पत्रकार ज्याकोविनका शब्दलाई सापटी लिँदा धनाढ्यले अवैध सम्पत्ति आर्जन गर्छन्। त्यो सम्पत्ति उनीहरूले अन्तरिक्षमा उडान, निजी प्रहरी बल खरिद र त्रासद राजनीतिक व्यवस्थाको सिर्जना गर्नुको अलावा पुरातात्विक महत्वका वस्तु खरिद गर्छन्। अर्नाल्टले दुई करोड डलरको हीराको हार खरिद गरेका थिए।

वर्तमान पुँजीवादी अर्थव्यवस्थाले यो बढ्दो असमानताको घडीलाई रोक्ने कुनै छेकछन्द छैन। यो चरम आर्थिक असमानताको परिमाण दीर्घकालीन प्रकृतिको छ। यदि यो असमानतालाई सम्बोधन गरिएन भने विश्वमा सामाजिक अशान्ति बढ्नेछ, विकासका काममा ब्रेक लाग्नेछन् र पछिल्ला वर्षमा गरिबी रोक्न भएका सारा प्रयास खेर जानेछन्। हिकल इन्स्टिच्युट अफ इन्माइसमेन्टल साइन्स एन्ड टेक्नोलोजीको प्रा. ज्याक्सोन हिकल भन्छन्- अकुपाई वाल स्ट्रिट आन्दोलन भएको दस वर्षभन्दा बढी समय बितिसक्दा पनि असमानता अझै विश्वव्यापी रूपमा एउटा गम्भीर राजनीतिक चिन्ताको रूपमा विद्यमान छ। बेलायतमा शून्य दशमलव एक प्रतिशत धनीको आय र न्यूनतम ज्याला कमाउनेको आयमा असमानताको अनुपात १:१५० पुगेको छ। त्यसैगरी बेलायतमा सबैभन्दा उच्च सेयर मूल्य भएका सय कम्पनीमा प्रमुख कार्यकारी अधिकृत (सीईओ) र न्यून तलब पाउने कर्मचारीबीचको औसत तलबको अनुपात १:१०० रहेको छ। यस्तो असमानता अन्य कैयौं राष्ट्रमा विद्यमान छन् तर अमेरिकामा भने यस्तो असमानता अचाक्ली छ, अर्थात् आय अनुपात १:१००० भन्दा बढी हुने गर्छ। यो असमान आयको ब्यारोमिटर धेरै हदसम्मको निर्मम छ।

फेरि पनि ज्यासोन हिकलका शब्दलाई सापटी लिँदै भन्नुपर्दा असमानताले समाजको क्षयीकरण गर्छ र लोकतन्त्रलाई विषाक्त बनाउँछ। यति मात्र नभई असमानता पारिस्थितिक प्रणालीका लागि पनि खतरनाक छ। धनीले असाधारण मात्रामा ऊर्जा खपत गर्छन्, यसको नतिजा उच्च कार्बन उत्सर्जन हुन्छ र कार्बन न्यूनीकरण (डिकार्बनाइजेसन) थप पेचिलो बन्दै जान्छ। हालै मिलवार्ड हप्किन्सको एक अध्ययनले कार्बन न्यूनीकरणका लागि धनीको क्रय क्षमता घटाएर स्रोतको न्यायपूर्ण विस्तार गर्नुपर्छ भन्ने निचोड निकालेको छ तर कति मात्रामा असमानता घटाउने त ? कतिसम्मको असमानतालाई जायज मान्ने ? सो अध्ययनले स्वीकार्य जीवनस्तरका लागि आवश्यक स्रोतमा सबैको पहुँच छ भन्ने प्रत्याभूति छ वा छैन भनेर हेर्नुपर्छ। छ भने यस्तो वितरण गरिनुपर्छ; जहाँ सबैभन्दा धनी र न्यून आय भएकाको आम्दानी अनुपात बढी १:६ मा सीमित पारिनुपर्छ। र, यो अनुपात जलवायु स्थिरता हासिल गर्न उपयुक्त हुनेछ। यो वितरण आमूल परिवर्तनकारी लाग्न सक्छ तर वास्तवमै यो वितरण समानतातर्फको 'ठीकठाक' अनुपात हुन आउँछ। अर्जेन्टिना, नर्वे, टर्कीलगायत धेरै राष्ट्रका जनता असमानता थप कम होस् अर्थात् १:४ होस् भन्ने चाहन्छन्। वास्तवमा मानिस न्यायपूर्ण एवं समतामूलक समाज चाहन्छ। आज विश्वमा धनी र गरिबबीचको खाडल बढ्नुमा लोकतान्त्रिक शासनभित्रको पुँजीवादी अर्थव्यवस्था हो। यो असमानताको बढ्दो खाडल पुर्न यो व्यवस्थाबाट सम्भव छैन किनभने पुँजीवादले खुला व्यापार नीतिको समर्थन गर्दछ। यस नीतिमा जसले जति पनि जसरी पनि कमाउन सक्छ । राज्यले खासै त्यसमा अङ्कुश लगाउन मिल्दैन।

# पन्ध्रौं योजनाको असहज दिशा



• जुनारबाबु बस्नेत

नेपालमा योजनाबद्ध विकासको साढे छ दशक उँभो लागेको छ । वि.सं. २०१३ देखि थालिएको योजनाबद्ध विकास अहिले पन्ध्रौं पञ्चवर्षीय योजनाको मध्यान्तरमा छ । आर्थिक वर्ष २०७६-७७ देखि आरम्भ भएको यो पाँचवर्षे योजना आर्थिक वर्ष २०८०-८१ मा पूरा हुँदै छ तर असाध्य कमजोर परिसूचकका साथ । त्यसैले योजना कार्यान्वयनका कमजोर कडीको बहस चलिरहेको छ । त्यसो त योजनाबद्ध विकासकै दर्शनबारे विश्वमा अनेक विमर्श चल्दैछन् । कतिपयले योजनाबद्ध विकासलाई जनवादी केन्द्रीयताको साम्यवादी दर्शनसित जोड्छन् । लोकतान्त्रिक पद्धतिमा जनादेशअनुसार कार्यकारीले काम गर्नुपर्ने हुँदा योजनाबद्ध विकासले विरोधाभास देखाउने मतसमेत छ । तथापि सीमित साधन र स्रोतको प्रभावकारी उपयोग गरी निर्धारित समयमा निर्दिष्ट आर्थिक तथा सामाजिक विकास योजनाबद्ध विकासको ध्येय हो । नेपालमा योजनाबद्ध विकासको लामो कालखण्ड सन्तोषजनक तवरले बितेको छैन । चालू पन्ध्रौं योजनाको मध्यावधि समीक्षा हालै बाहिर आएको छ । यो समीक्षाले योजनाको बाँकी अवधिमा कामको चापलाई जटिल, सकसमय र चुनौतीपूर्ण बनाएको छ ।
योजनाबद्ध विकासको खाका तयार पार्ने, त्यसलाई कार्यान्वयनमा लैजाने कार्य राष्ट्रिय योजना आयोगले गर्छ । योजना आयोगको अवधारणालाई कतिपय देशले नीति आयोगमा बदलिसकेका छन् । मूलतः अर्थशास्त्री र योजनाविद्लाई कार्यकारी मातहतमा राखेर नेपालले संस्थागत योजना अगाडि बढाउने गर्छ, गरिरहेको छ । त्यसै क्रममा चालू पञ्चवर्षीय पन्ध्रौं योजनाको मध्यवधि समीक्षा त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागले गरेको छ । समीक्षाका क्रममा सार्वजनिक जानकारीअनुसार योजनाको पहिलो दुई आर्थिक वर्षका तथ्याङ्क समेटिएका छन् र यो अवधिमा योजना कार्यान्वयनको अवस्था नाजुक र असहज देखिएको छ ।
पन्ध्रौं योजना संविधान सभाले संविधान निर्माण गरेपछि पहिलो निर्वाचित सरकारले निर्माण गरेको महत्वाकांक्षी योजना थियो । यो योजनामा नेपाली जनताको आर्थिक तथा सामाजिक विकासको उच्च आकांक्षालाई प्रतिविम्बित गर्ने यत्न थियो । त्यसैअनुसार पाँचवर्षे अवधिमा नौ दशमलव छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको हो । समीक्षाअनुसार योजना आरम्भ भएको पहिलो आर्थिक वर्ष २०७६-७७ मा नेपालको आर्थिक वृद्धि दुई दशमलव चार प्रतिशतले ऋणात्मक हुन गयो, कति नाजुक ? सो आर्थिक वर्षको बजेटमा आठ दशमलव पाँच प्रतिशतको आर्थिक वृद्धि लक्ष्य राखिएको थियो । विश्वभर फैलिएको कोरोना (कोभिड-१९)ले गर्नु परेको बन्दाबन्दीले अर्थतन्त्रलाई चौपट बनाएको विषयलाई दोष दिइयो । साधन र स्रोत जीवन बचाउन गरिएको खर्चले विकास निर्माण धराशायी भएको समीक्षा देखिएको छ । योजनाको दोस्रो र तेस्रो वर्षसमेत सुखद देखिन सकेका छैनन् । ती आर्थिक वर्षमा क्रमशः तीन दशमलव आठ र पाँच दशमलव पाँच प्रतिशत आर्थिक वृद्धिको अनुमान गरिएको छ । ऋणात्मक गइसकेको आर्थिक वृद्धि लयमा फर्काउन सकिएको छैन । कोरोनाका कारण दुई-तीनवटा आर्थिक वर्ष थला परेकै छन्, सरकारले थप यत्न गर्न सकेन । कोरोनाबाट केही त्राण पाउन खोज्दा नेपालको अर्थतन्त्रमा तरलताको सङ्कट गत आर्थिक वर्षदेखि नै गहिरियो । बैङ्क तथा वित्तीय संस्थाले लगानीयोग्य पुँजीको अभाव गत आर्थिक वर्षका प्रारम्भिक वर्षहरूदेखि नै भोग्न थालेको थियो । तरलता अभावसित जुध्दै सकसमा अगाडि बढिरहेको अर्थतन्त्रमा अर्को बाह्य दबाब आइपर्‍यो । गत वर्षको फागुनमा सुरु भएको रुस र युक्रेनबीचको युद्धले विश्वभर इन्धन र खाद्यान्न सङ्कट भयो । प्रतिकूल परिस्थितिसँग जुध्ने देशीय जुक्ति प्रभावकारी देखिएको छैन ।
युद्धले इन्धन र खाद्यान्नले सङ्कट मात्र बढाएन, विश्वभर नै महँगी बढायो । मुद्रास्फीति नियन्त्रण गर्न संसारभरकै केन्द्रीय बैङ्कले ब्याजदरको मौद्रिक औजार प्रयोग गरी महँगी नियन्त्रण गर्ने रणनीति लिए । तरलता सङ्कटमा जुधिरहेको नेपालका निम्ति यो अर्को ठूलो सङ्कट भयो । महँगी बढ्यो र अमेरिकी डलर महँगो हुँदै गर्दा आयातमा आधारित अर्थतन्त्रमाथि तीव्र दबाब परेको छ । अब ब्याजदरमा केही सुधार हुने बैङ्क तथा वित्तीय संस्थाबाट आएको सन्देशले लगानीमा सकारात्मक परिवर्तन आउने आशा भने जगाएको छ । रणनीति तिखार्नुपर्ने चुनौती अझै बाँकी छ । वास्तवमा पन्ध्रौं योजना लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका निम्ति मुलुककै आर्थिक घोषणापत्र थियो भन्दा हुन्छ । स्वतन्त्रता, स्वास्थ्य, शिक्षा, आवासलगायत आधारभूत मौलिक अधिकारमा संविधानले परिलक्षित गरेका विषयमा योजनाले तीव्र सुधारको लक्ष्य लिएको थियो । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको दिशा निर्देश योजनामा नगरिएको होइन । राज्यका निर्देशित सिद्धान्तले आर्थिक तथा सामाजिक विकासमा राखेका लक्ष्यलाई समेत योजनामा समेटिएको थियो । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्म १७ वटा दिगो विकासमा लिएका लक्ष्य पूरा गर्ने औजारका रूपमा पनि पन्ध्रौं योजनालाई आधार बनाइएको थियो । त्यस क्रममा २५ वर्षे दीर्घकालीन दृष्टिलाई समेत आधार बनाइयो । त्यस क्रममा नारा थियो, समृद्ध नेपाल र खुसी नेपाली तर नारा नारामै सीमित हुने जोखिम देखिँदै छ ।
नेपालमा विगतका योजना पनि कुनै कुनै अवरोधले लक्ष्यमा पुग्न नसकेको देखिन्छ, देखाइन्छ । मूलतः सरकारले विकास प्रशासनमा देखाएको लाचारी, भ्रष्टाचार, सुशासनको अभाव, राजनीतिक अस्थिरता, साधन र स्रोतलाई योजनाबद्ध विकासमा भन्दा पहुँच हुनेले स्वार्थ सिद्ध गर्न गरिने खर्चले आर्थिक विकास लक्ष्यअनुसार अगाडि बढ्न नसकेको भन्ने विश्लेषक मत छ । अघिल्लो चौधौं योजनामा समेत लक्ष्य पूरा हुन सकेन । त्यति बेला दोष भने भूकम्पले पायो । सात वर्षअघि २०७२ सालमा गएको भूकम्पले आठ खर्ब लगभगको क्षति गरेको थियो । भूकम्पपछि पीडाकै बीचमा नेपालले संविधान जारी त गर्‍यो । राजनीतिक परिवेश अस्थिरतातिर गयो र त्यसै बेला भारतले नाकाबन्दीसमेत लगायो । केही लिटर इन्धनका निम्ति नेपालीले घण्टौं लाम लाग्नुपर्ने अवस्था सिर्जना भयो । आर्थिक वृद्धिदर नकारात्मक अवस्थामा पुग्यो । योजनाको लक्ष्य पूरा हुन सकेन । सङ्कटबाट चेत्न नसक्ने कमजोरी त छँदै छ । जारी पन्ध्रौं योजनाको मध्यावधि समीक्षाले पहिलो तीन आर्थिक वर्षमा औसत दुई दशमलव पाँच प्रतिशतको आर्थिक वृद्धि मात्र हुने देखिएको छ । यो असाध्य न्यून आर्थिक वृद्धि हो । अर्थतन्त्रको तीनवटै क्षेत्र अर्थात् कृषि, उद्योग र सेवा क्षेत्र आशलाग्दो गरी अगाडि बढेका छैनन् । कुनै बेला कृषिप्रधान भनिएको नेपालमा कृषि क्षेत्रको योगदान निरन्तर घटेर गएको छ । खाद्यान्न आयात बढ्दो छ । पन्ध्रौं योजनाको पहिलो तीन वर्षमा कृषि क्षेत्रको वृद्धिदर दुई दशमलव पाँच प्रतिशतमै सीमित हुँदो छ । पाँच दशमलव चार प्रतिशतको लक्ष्य आकाशको फल भयो । उद्योग क्षेत्रमा पाँच वर्षमा औसत १५ प्रतिशत वृद्धिको लक्ष्य भए पनि समीक्षा अवधिमा तीन दशमलव पाँच प्रतिशतको नाजुक देखिनु विडम्बना छ । त्यसैगरी सेवा क्षेत्रको वृद्धि नौ दशमलव चार प्रतिशत भनिए पनि वार्षिक एक दशमलव आठ प्रतिशतमा सीमित हुँदा रोजगारी, आय र उत्पादन के राम्रो होस् ? योजनाको मध्यावधि समीक्षाले महत्वपूर्ण प्रश्नसमेत उठान गरेको देखिएको छ । योजनाको बाँकी अवधिमा तीव्र आर्थिक प्रगतिका निम्ति अर्थतन्त्रको संरचनागत सुधार र बजेट प्रणालीलाई आर्थिक अनुशासनको कसीमा घोट्ने सुझाव छ ।
वास्तवमा नेपाली अर्थतन्त्र अहिले पनि २०४८ देखि ५१ सम्मका तीन वर्षमा गरेको सुधारको जगमा उभिएको छ । पञ्चायती व्यवस्थाले कमजोर पारेको नियन्त्रणमुखी लाइसेन्स राजको अर्थतन्त्रलाई त्यति बेला खुला, उदार र प्रतिस्पर्धात्मक अर्थतन्त्रको मैदानमा पुर्‍याएको थियो । बैङ्क, वित्त, बीमा, शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा निजी क्षेत्रले क्षमता र लगानीका आधारमा प्रतिफल लिन सक्ने वातावरणको नीतिगत सूत्रपात त्यतिबेलै गरिएको हो । कतिपयले निजीकरण गरी उद्योगधन्दा बेचेको आरोप लगाउने गरेका छन् तर सार्वजनिक संस्थानमा त्यसयता गरेको सरकारी लगानी बालुवामा पानी हालेजस्तो हिसाब किताब गर्दैनन् । सरकारले चाह्यो भने अहिले एकै दिनमा उठ्ने राजस्वले त्यतिबेला निजीकरण गरेका भनिका दुई-तीनवटा उद्योग खोल्न सक्छ । राजस्वको यो तागत अर्थतन्त्रमा त्यस बेला गरिएको सुधारकै प्रतिफल हो भन्ने नबिर्सौं । सुधार निरन्तर भएन, खासगरी २०५१ सालपछि राजनीतिक अस्थिरताले सताएसँगै आर्थिक सुधारको दिशामा विराम छ । अर्थतन्त्रको नीतिगत, संस्थागत र संरचनागत सुधारतिर ध्यान गएकै छैन । कुनै सुधारै नगरी समाजवाद प्राप्त गर्ने स्वैरैकल्पनामा राजनीतिक दल अल्मलिएका छन् । यो अवस्थाले त कुनै पनि योजनाले राखेको लक्ष्य पूरा हुँदैन ।
पन्ध्रौं योजनाले राखेको लक्ष्य पूरा गर्न सरकारी र निजी क्षेत्र दुवैमा व्यापक लगानीको आवश्यकता छ । मौजुदा पूर्वाधारले आर्थिक तथा सामाजिक विकासको बृहत् लक्ष्य हासिल गर्न सक्ने अवस्था छैन । विश्व आर्थिक मन्दीको चपेटामा पर्न सक्ने विश्व बैङ्कलगायतको प्रक्षेपण आएको सन्दर्भमा नेपालले आन्तरिक लगानी व्यवस्थापनलाई उच्च मह□व दिनुपर्ने हुन्छ । चालू आर्थिक वर्षको पाँच महिनामा विप्रेषमा उच्च वृद्धि देखिएको छ । यसले विदेशी मुद्रा सञ्चितिमा सकारात्मक परिणाम दिन सक्नेछ भने त्यो आयलाई फेरि विदेशी मालवस्तु आयातकै निम्ति पठाउने सहज परम्परागत तौरतरिकामा लगाम लगाउनु जरुरी छ । जलविद्युत्को पहुँच बढ्दै गएकाले यसलाई लगानीका साधन बनाउनु जरुरी छ तर उद्योगधन्दाले पर्याप्त बिजुली पाउन नसकेको ताजा गुनासो छ । अनि कसरी औद्योगिक उत्पादन बढ्छ ? कृषि, पर्यटन र साना उद्योगलाई एकअर्काबीच समन्वय गर्दै अगाडि बढ्नु, बढाउनु जरुरी छ । सरकारले पुँजीगत खर्च बढाउँदै साधारण खर्चमा लगाम लगाउन ढिला गर्नु हुँदैन । जननिर्वाचित सरकारले कार्यभार सम्हालेको छ र यी सबै पक्षमा गम्भीर भएर अगाडि बढ्दै पन्ध्रौं योजनाको बाँकी लक्ष्य पूरा गर्न अग्रसर हुनुपर्छ । सोह्रौं योजनाका समेत व्यावहारिक सपना देख्न थाल्नु वाञ्छनीय छ ।

# झापामा फस्टाउँदै जडीबुटी खेती

झापा(प्रस) । अर्जुनधाराका डम्बर चौधरीले गत वर्ष पाँच बिघा जग्गामा पचौली नामक जडीबुटीको खेती थालनी गरे ।
रोपेको तीन महिनापछि यसको बुट्यानबाट घाँस काटेर बिक्री गर्न थाले । यसको काँचो घाँस प्रतिकेजी रु २० र सुकेको घाँस रु १०० मा बिक्री हुने भएकाले पचौली खेतीको आम्दानीबाट सन्तुष्ट रहेको उनले बताए । मेचीनगर-१४ दुहागढीमा विसं २०७० मा कुलायन नेचुरल हर्बल प्रालि स्थापना भएपछि चौधरीले जस्तै मेचीनगर, अर्जुनधारा, भद्रपुर र बुद्धशान्ति पालिकाका कृषक तथा सामुदायिक वनहरूले पचौली र लेमनग्रासको खेती ठूलो मात्रामा थालेका हुन् ।कुलायन नेचुरल हर्बल उद्योग आफैँले पनि ५० बिघा जग्गा भाडामा लिएर उद्योग सञ्चालन र जडीबुटी खेती गरिरहेको छ । कालो हर्दी, युकिलिप्टस (मसला), तेजपत्ता, नगरमोथे, बोझो, भेटिबर, लेमनग्रास, सिट्रोनेला, पामरोजा, पचौलीलगायतका जडीबुटीजन्य वनस्पतिलाई प्रशोधन गरेर उद्योगले सुगन्धित तेल उत्पादन गर्दै आएको छ। उद्योगले उत्पादन गरेको सुगन्धित तेल सिधै युरोप र अमेरिका निर्यात हुन्छ । गत वर्ष सरकारले विदेशी मुद्रा भित्र्याउन योगदान पुऱ्याएवापत उद्योगलाई सम्मान गरेको थियो । उद्योग आफैँले सुरुमा विद्यालयको खाली जग्गा भाडामा लिएर जडीबुटी खेती थालेको थियो । उद्योगले स्थानीय कृषकहरूलाई समेत आम्दानी लिन हौसला बढाएपछि मेचीनगरको वडा नं १०, १३, १४ र १५ मा धानखेत मासेर किसानले जडीबुटीका बिरुवा रोप्न थालेका हुन् । 'थोरै जमिनमा थोरै लगानी गर्दा धेरै आम्दानी गर्न सकिन्छ भन्ने थाहा पाएपछि मैले पनि सुरुमा दुई बिघामा पचौली रोपेँ', अर्जुनधाराका डम्बर चौधरीले भने, 'दुहागढीको हर्बल उद्योगले पचौलीको घाँस किनिदिन्छ । आयस्ता राम्रो हुन थालेकाले खेती विस्तार गरेर पाँच बिघामा लगाएको छु ।'

सामुदायिक वनमा खेती विस्तार




झापाको अर्जुनधाराकै जुकेखाडी सामुदायिक वन र भद्रपुरको कमलधाप सामुदायिक वनले जडीबुटी खेतीमा लगानी गरेका छन् । बीस बिघाबाट सुरु भएको यस्तो खेती अहिले पाँच सय बिघामा विस्तार भइसकेको छ । जुकेखाडीले १० बिघा र कमलधापले एक सय बिघा वन क्षेत्रमा लेमनग्रासको खेती गरेको छ । लेमनग्रासको घाँस काटेर उद्योगमा बिक्री गरिँदै आएको छ । जसलाई मेसिनमा पेलेर सुगन्धित तेल उत्पादन गरिन्छ । मेचीनगर-१४ कै बाल सुबोधिनी माध्यमिक विद्यालयको बाँझो रहेको २० बिघा जग्गा वार्षिक रु एक लाख ५० हजार बुझाउने शर्तबन्धमा ४० वर्षका लागि उद्योगले भाडामा लिएर ११ वर्षदेखि खेती गर्दै आएको छ । जहाँ मसाला, तेजपत्ता, कालो हर्दी, भेटिबर, नगरमोथे, सिट्रोनेलालगायतका जडीबुटीका रुख र घाँसको जंगल हुर्किसकेको छ । अरु एक सय बिघा जग्गा खेती विस्तारका लागि खोजी गरिरहेको उद्योगका सञ्चालक भरत बस्नेतले बताए । 'सुरुमा हामीले जग्गा लिजमा लिएर जडीबुटी रोपण गऱ्यौँ, अहिले किसानहरू आफैँ म पनि खेती लगाउँछु भन्दै आउन थाल्नुभएको छ', उद्योगी बस्नेतले भने, 'किसानहरूले जति धेरै उत्पादन गरेता पनि किनिदिने ग्यारेन्टी उद्योगका तर्फबाट गरिदिएका छौँ । खेतीका लागि प्राविधिक र बिरुवा सहयोगसमेत गरिरहेका छौँ ।' नौ वर्षमा झापाका ६० जनाभन्दा बढी स्थानीय किसान र आधा दर्जन सामुदायिक वन जडीबुटी खेती अभियानमा जोडिएको र पाँच सय बिघाभन्दा बढी जग्गामा यसको खेती फस्टाइरहेको उनले जानकारी दिए।

महँगो अगरउडको खेतीमा लगानी

हर्बल उद्योगले संसारकै महँगो मानिएको अगरउड (सुगन्धित काठ)को व्यावसायिक उत्पादन गर्ने महत्वाकांक्षी परियोजना सुरु गरेको छ । सञ्चालक बस्नेतका अनुसार हाल उद्योगले दुई हजारवटा सेतोचन्दन (सुगन्धित काठ)को बिरुवा रोपेर हुर्काइरहेको छ । यसले उत्पादन दिन १५ वर्ष कुर्नुपर्छ । 'सेतो चन्दन र अगरउडको उत्पादन गर्न सकियो भने महँगोमा अन्तर्राष्ट्रिय बजारमा बेच्न सकिन्छ भनेर हामीले इच्छुक किसानलाई प्रोत्साहित गरिरहेका छौँ', उद्योगी बस्नेतले भने । उद्योगले किसानलाई बिक्री वितरण गर्नका लागि हाल आफ्नो नर्सरीमा एक लाख अगरउडका बिरुवा हुर्काएको छ । किसानलाई ती बिरुवा दिएर उत्पादन खरिद गर्ने उद्योगले योजना बनाएको छ । उनका अनुसार भविष्यमा उद्योग आफैँले अगरउडको तेल निकाल्ने अलग्गै कारखाना स्थापना गर्ने सोच बनाएको छ । अगरउडको तेल अन्तर्राष्ट्रिय बजारमा रु तीन लाख प्रतिलिटरका दरले अहिले बिक्री भइरहेको छ । उद्योगमा हाल विभिन्न जडीबुटी पेलेर तेल उत्पादन हुँदै आएको छ । ६ वटा भेसल भएको उद्योगले आठ घण्टामा एउटा भेसलमा जडीबुटीजन्य काँचो घाँस पाँच सय केजी र सुक्खा घाँस तीन सय केजी प्रशोधन गर्दछ ।

'सुगन्धित साबुन र अरु केही हर्बल सामान उत्पादकले अलिअलि खरिद गरेर लैजानुहुन्छ', उद्योगी बस्नेत भन्छन् 'हामीले उत्पादन गरेको अधिकांश तेल युरोप र अमेरिका निर्यात हुन्छ । विदेशी मुद्रा भित्रिने भएकाले मुलुकलाई पनि फाइदा निकै पुगेको छ ।' उद्योगले वार्षिक तीन हजार लिटर मसालाको तेल, दुई हजार पाँच सय लिटर लेमनग्रासको तेल, दुई हजार पाँच सय लिटर सिट्रोनेलाको तेल, एक हजार दुई सय लिटर पामरोजाको तेल र आठ सय केजी पचौलीको तेल उत्पादन गर्दै आएको उनले जानकारी दिए । कारखाना र नर्सरीमा गरेर उद्योगमा ५० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । नेपालको आर्थिक समृद्धि हासिल गर्नका लागि जडीबुटी उद्योगको विकास र विस्तार अनिवार्य रहेको धारणा व्यक्त गर्छन् ग्लोबल एग्रो एण्ड नर्सरी प्रालिका सञ्चालक दीपक नेपाल । उनले यो उद्योगअन्तर्गत हाल पाँच बिघामा जडीबुटीको नर्सरी व्यवसाय सुरु गरेका छन्। बिरुवा सहजै किन्न पाइने र उत्पादनले अरु बालीभन्दा तेब्बर आम्दानी दिने भएकाले झापामा जडीबुटीको खेतीतर्फ मध्यम किसान आकर्षित हुँदै गएको उनको भनाइ छ ।
पाँच बिघाभन्दा धेरै जग्गा भएका किसानले अन्नबाली लगाउन जनशक्ति र लागत धेरै पर्ने भएकाले जडीबुटी खेतीमा धेरै फाइदा देखेको उनी बताउँछन् । वातावरणलाई हरियाली राख्ने, जीवनस्तरमा सुधार आउने र राष्ट्रिय समृद्धिको लक्ष्य हासिल गर्नका लागि टेवा पुऱ्याउने क्षेत्र जडीबुटी भएको जनाउँदै उनले यसमा संघ, प्रदेश र स्थानीय तहको सरकारले प्रोत्साहन दिनुपर्ने सुझाव राखेका छन् ।

# अर्जुनधारामा पुरुषको सडेको शव

झापा(प्रस) । झापाको अर्जुनधारामा एक जनाको शव बेवारिसे अवस्थामा फेला परेको छ । अर्जुनधारा नगरपालिका- ५ स्थित फुलमती जुस फ्याक्ट्रीनजिकै अन्दाजी ३० वर्षका पुरुषको शव सोमवार दिउँसो ४ बजेपछि फेला परेको हो । सडेको अबस्थामा पुरुषको शव फेला परेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी रुगमबहादुर कुँवरले बताए । शवको प्रकृति हेर्दा त्यस्तो शंकास्पद नदेखिएको उनले जानकारी दिए । शवको सनाखत हुन सकेको छैन । शवलाई पोष्टमार्टमका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर पठाइएको प्रहरीले जनाएको छ ।



# महासंघका केन्द्रीय सदस्यको सम्झनामा शोक सभा

बिर्तामोड(प्रस) । नेपाल पत्रकार महासंघ झापा शाखाले पोखरामा विमान दुर्घटनामा ज्यान गुमाएका महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसभा सम्पन्न गरेको छ ।
बिर्तामोडस्थित महासंघको कार्यालयमा मंगलवार शोकसभा सम्पन्न भएको हो । महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको शोकसभामा वक्ताहरुले पत्रकार पौडेलको निधनले नेपाली पत्रकारिता क्षेत्रले ठूलो क्षति व्यहोरेको बताए ।
शोकसभामा फोनिज प्रदेश नं. १का इन्चार्ज दिपीन राई, महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष नरेन्द्र ढकाल, नारी सञ्चार गृह झापाकी सचिव भूमिका सुब्बा, अर्जुनधारा प्रेस क्लबका निवर्तमान अध्यक्ष कुमार भट्टराई, मेचीनगर प्रेस क्लबका अध्यक्ष डम्बर बराल, पत्रकारहरु मुक्ति पौडेल, धमेन्द्र मामालगायतले केन्द्रीय सदस्य पौडेलसहित विमान दुर्घटनामा ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गरे ।
सभाको सञ्चालन महासंघका सचिव डिकेश लामाले गरेका थिए । महासंघको कार्यालयमा १३ दिनसम्म शोक पुस्तिका राखिने उपाध्यक्ष सुशीला संग्रौलाले जानकारी दिइन् । सभामा जिल्लाका विभिन्न क्षेत्रबाट सञ्चारकर्मीको सहभागिता थियो ।




माघ १ गते बिहान काठमाडौंबाट पोखराको लागि उडेको नाइनएन एएनसी एटिआर-७२ जहाज अवतरण गर्ने क्रममा पोखराको पुरानो एयरपोर्ट र नयाँ एयरपोर्टको बीचमा दुर्घटनाग्रस्त हुँदा केन्द्रीय सदस्य पौडेलको ३७ वर्षको उमेरमा निधन भएको हो ।
पत्रकार पौडेल २०७७ फागुन ५ गते भएको नेपाल पत्रकार महासंघको २६औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । २०७४ सालमा महासंघको गण्डकी प्रदेश समितिको संस्थापक अध्यक्षका रूपमा रहेर काम गरेका पत्रकार पौडेलले त्यसअघि महासंघ कास्की शाखामा एकपटक उपाध्यक्ष र दुईपटक सचिवका रूपमा रही योगदान गरेका थिए ।
पोखरा हटलाइन दैनिकबाट पत्रकारिता सुरु गरेका पौडेलले अन्नपूर्ण एफएम र केही समय नेपाल टेलिभिजनमा स्ट्रीन्जरका रूपमा काम गरेका थिए । विभिन्न पत्रपत्रिकामा स्तम्भ र लेख लेख्दै आएका पत्रकार पौडेल पछिल्लो समय पोखरा हटलाइन दैनिक पत्रिकाकै प्रकाशक/सम्पादकका रूपमा कार्यरत थिए । स्वर्गीय पौडेलका आमा, श्रीमती र एक छोरा छन् ।
उनको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी, जुझारु र ऊर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले उदयीमान पत्रकार नेता गुमाएको छ । कास्की जिल्लाबाट पत्रकारिता क्षेत्रमा राम्रो पहिचान बनाएका पौडेलको निधनले नेपाली पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति पुगेको महासंघको ठहर छ ।
केन्द्रीय सदस्य पौडेलको निधनमा महासंघ केन्द्र, प्रदेश र सबै शाखामा शोक मनाउने केन्द्रीय समितिले निर्णय गरेको छ । जसअन्तर्गत माघ २ गते सोमबार महासंघका केन्द्र, प्रदेश र सबै शाखा कार्यालय बन्द गरियो भने १३ दिनसम्म शोकसभा बाहेकका कुनै पनि औपचारिक कार्यक्रम नगर्ने र १३ दिनसम्म केन्द्रीय कार्यालयलगायत प्रदेश र शाखा कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको छ ।

# राजगढमा सेलरोटी महोत्सव

बाह्रदशी(प्रस) । माघे संक्रान्तिका दिन झापा बाह्रदशीको राजगढमा सेलरोटी महोत्सव आयोजना गरियो । जनचेतना मूल कृषक समूहको आयोजनामा विगतका वर्षहरुदेखि माघे संक्रान्तिका दिन सेलरोटी महोत्सव हुँदै आएको छ । माघे संक्रान्तिमा सेलरोटीको विशेष महत्व हुने भएकाले सेलरोटी महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ ।
महोत्सवमा ३ सय केजी चामलको सेलरोटी पकाएर निःशुल्क बाँडिएको छ । मूल कृषक समूहमा आवद्ध २४ वटा कृषक समूहले सेलरोटी पकाउन १२ वटा ताई प्रयोग गरेका थिए । एउटा ताईमा तीनजना महिला खटिएका थिए । सहभागीहरुलाई सेलरोटीसंगै तरकारी र अचार खान दिइएको कार्यपालिका सदस्य लक्ष्मी निरौला अधिकारीले बताइन् ।
जनचेतना मूल कृषक समूहका अध्यक्ष राजन लामिछानेको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष शान्ता खरेल शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गाउँपालिकाका वडाध्यक्षहरु , कार्यपालिका सदस्यहरु , वडा सदस्यहरु, निवर्तमान जनप्रतिनिधिहरु , विभिन्न संघसंस्थाका प्रतिनिधिहरु , व्यवसायीलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा पशुपति माविका पूर्व प्रधानाध्यापक नन्दप्रसाद कुँवर , बाह्रदशी सामुदायिक क्याम्पसका अध्यक्ष गंगाप्रसाद अधिकारी , विश्व हिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष यज्ञप्रसाद ओलीलगायतले बोलेका थिए ।




प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**वृष** – कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन** – यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

**कर्कट** – शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

**सिंह** – परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

**कन्या** – आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला** – झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**वृश्चिक** – आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** – धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर** – आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

**कुम्भ** – मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**मिन** – दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।